# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७६।०१।०९ गते

# प्रेस विज्ञप्ति

## विषय: आरोप-पत्र दायर गरिएको ।

-----------------------------------------------

आन्तरिक राजश्व कार्यालय जगाती, भक्तपुरका नायव सुब्बा सबिन सुवेदीले स्वास्थ्य चौकी भवन निर्माण सम्पन्न पश्चात नियमानुसार पाउने धरौटी रकम फिर्ता लिन कर समायोजन पत्र बनाउने प्रयोजनको लागि सेवाग्राहीसँग घुस रकम माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, टङ्गालबाट खटिई गएको टोलीले निज नायब सुब्बा सबिन सुवेदीलाई सेवाग्राहीसँग रु.१५,०००।- (पन्ध्र हजार) घुसबापतको रकम लिएको अवस्थामा नियन्त्रणमा लिई अनुसन्धान हुँदा कर अधिकृत (शाखा प्रमुख) नवराज भट्टराईले मु.अ.कर समायोजन पत्र वनाउने क्रममा आफ्नो कार्यकक्षमा निवेदक समेतसँगै रहँदा ना.सु. सविन सुबेदीसँग घुस रकमको बारेमा सोधी रु.१५,०००।- (पन्ध्र हजार) प्राप्त हुने निश्चित भए पश्चात मु.अ.कर समायोजन पत्र बनाई दस्तखत गरिदिएकोले निजहरूको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुर भएको सप्रमाण पुष्टि हुन आएको देखिदा निज नायव सुब्बा सबिन सुवेदी र कर अधिकृत नवराज भट्टराईलाई जनही बिगो रु.१५,०००।- (पन्ध्र हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम जरिवाना र कैद सजायँ हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता